# विद्यालयको व्यवस्थापनमा महिला प्रधानाध्यापकको भूमिका

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय शिक्षा योजना तथा
व्यवस्थापन विभाग स्नात्तकोत्तर तह (एम.एड) दोश्रो वर्षको
आंशिक आवश्यकता पूरा गर्न प्रस्तुत

**शोधपत्र**


शोधकर्ता

शिरीष खकुराल

त्रि.वि.वि दर्ता नं. : १३६८२-९४

परीक्षा रोल नं. : २४०००५७/०६१

त्रिभुवन विश्वविद्यालय

शिक्षा योजना तथा व्यवस्थापन विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन



चैत्र,२०६७

# सप्तगण्डकी बहुमुखी क्याम्पस

# भरतपुर, चितवन

## शिक्षा योजना तथा व्यवस्थापन विभाग

### सिफारिस-पत्र

### शोध निर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, सप्तगण्डकी बहुमुखी क्याम्पस, शैक्षिक योजना तथा व्यवस्थापन विभागको स्नातकोत्तर तहका शोधकर्ता **शिरीष खकुरालद्धारा विद्यालयको व्यवस्थापनमा महिला प्रधानाध्यापकको भूमिका** शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । निजवाट तयार पारिएको यस अध्ययनवाट म सन्तुष्ट छु र यसको मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

..................................

उप.प्रा. रमाकान्त सापकोटा

(शोध निर्देशक)

शिक्षा योजना तथा व्यवस्थापन विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

२०६७/१२/१५

# सप्तगण्डकी बहुमुखी क्याम्पस

# भरतपुर, चितवन

### शिक्षा योजना तथा व्यवस्थापन विभाग

### स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, सप्तगण्डकी बहुमुखी क्याम्पस, शैक्षिक योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तहका शोधकर्ता शिरीष खकुरालद्वारा प्रस्तुत **विद्यालयको व्यवस्थापनमा महिला प्रधानाध्यापकको भूमिका**"शीर्षकको यो शोधपत्र मूल्याङ्कनको लागि स्वीकार गरिएको छ ।

### शोध मूल्याङ्कन समिति

उप प्रा. कुवेरनाथ शर्मा ........................

विभागीय प्रमुख

शिक्षा योजना तथा व्यवस्थापन विभाग

1. उप प्रध्यापक रमाकान्त सापकोटा

(शोध निर्देशक)

2. प्रा......................

.................. .........................

(वाह्य परीक्षक)

......................

मिति :- २०६७/.../....

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विषय स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता पूरा गर्नका लागि स्वीकृत **"विद्यालयको व्यवस्थापनमा महिला प्रधानाध्यापकको भूमिका"** शीर्षकमा शोधकार्य सम्पन्न गरी यो शोधपत्र प्रस्तुत गरेको छ । शोध प्रस्ताव स्वीकृत गरी यो विषयमा शोध कार्य गर्ने अवसर प्रदान गरेकोमा यस सप्तगण्डकी वहुमुखी क्याम्पसप्रति आभार व्यक्त गर्दछु ।

यस शोध कार्यको शुरुदेखि शोधपत्रको अन्तिम लेखाइसम्म वौद्धिक एवं विषयगत रुपमा महत्वपूर्ण निर्देशन, सल्लाह सुझाव एवं हौसला दिई पथ प्रर्दशन गर्नुहुने मेरा आदरणीय गुरु एवं शोधनिर्देशक उप प्रध्यापक रमाकान्त समाकान्त ज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । वेला - वेलामा सल्लाह एवं सुझाव दिई अनुसन्धान कार्यमा प्रोत्साहित गर्नुहुने श्रद्धेय गुरु एवं विभागीय प्रमुख श्री कुवेरनाथ शर्माज्यू, क्याम्पस प्रमुख श्री राम प्रकाश अधिकारीज्यू, सहायक क्याम्पस प्रमुख प्रा. श्री देन प्रसाद लामिछाने ज्यू प्रति आभारी छु ।

यस शोध कार्यको अध्ययन पूरा गर्न आवश्यक सुचना उपलव्ध गर्न मदत पुऱ्याउँदै प्रश्नावलीले मागे अनुसार अन्तरवार्ता तथा छलफलमा सहभागी हुनुहुने सम्वन्धित विद्यालयका प्राधानाध्यापकहरु, शिक्षक/शिक्षिकाहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु र सम्वन्धित क्षेत्रका विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिहरु प्रति कृतज्ञ छु । आफ्नो अमूल्य समय, श्रम र धन खर्च गरेर उच्च शिक्षा प्राप्त गर्ने अवसर एवं प्रेरणा दिनुहुने परम् पुज्यनीय पिताज्यू तथा . माताज्यू प्रति सदैव ऋृणी हुनेछु । यसको साथै अध्ययनको क्रममा उचित वातावरण दिई सहयोग गर्ने जीवनसाथी रमेश खनालज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

यस शोधपत्रलाई कम्प्यूटर टाईप गरी सहयोग गरिदिन परमेश्वर भट्टराईज्यूलाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस शोध अध्ययन प्रारम्भ गरी अन्त्य गर्दाको अवस्था सम्ममा प्रत्यक्ष एवं अप्रत्यक्ष रुपले सहयोग गर्नुहुने सवैलाई हार्दिक कृतज्ञता ज्ञापन गर्दै यो शोध पत्र आवश्यक मूल्याङ्कनका लागि सप्तगण्डकी वहुमुखी क्याम्पस अर्न्तगत शिक्षाशास्त्र संकाय शिक्षा योजना तथा व्यवस्थापन विभागमा प्रस्तुत गर्दछु ।

शोधकर्ता
शिरीष खकुराल
एम.एड. दोश्रो वर्ष
शिक्षा योजना तथा व्यवस्थापन विभाग
सप्तगण्डकी वहुमुखी क्याम्पस,
भरतपुर, चितवन

## शोधसार

विद्यालयको व्यवस्थापनमा महिला प्रधानाध्यापकको भूमिका नामक यस सोधपत्रमा महिला र पुरुष प्रधानाध्यापकका व्यवस्थापकीय भूमिकाको विश्लेषण गर्ने , महिला प्रधानाध्यापकको नियुक्तिका उपाय खोजी गन, महिला प्रधानाध्यापकले व्यवस्थापकीय भूमिका निर्वाह गर्दा भोगेका समस्या पहिचान गरी निराकरणका उपाय सुझाउने जस्ता विषयमा खोजी गर्ने उद्देश्य लिइएको छ ।

यो शोधपत्र गुणात्मक तथा वर्णनात्मक अध्ययन विधिमा आधारित छ । प्रधानाध्यापकहरुका वास्तविक समस्या र चुनौतिहरुको गहिराइ सम्म पुगी यर्थाथता बुझ्न गुणात्मक अध्ययन विधि नै बढी उपर्युक्त देखिएकोले अन्तरवार्ता, अवलोकन र विद्यालय अभिलेखहरुको अध्ययन गएिको छ जुन गुणात्मक तथा वर्णनात्मक अध्ययनका महत्वपूर्ण तत्वहरु पनि हुन । अध्ययनको उद्देश्य पूरा गर्न उद्देश्यमूलक नमूना संकलन विधि अन्तर्गतको सम्भावना रहित नमूनामा छनौट विधि प्रयोग गरिएको छ । सम्भावना नमुना छनौट विधि अनुसार चारवटा विद्यालयहरुलाई छनोट गरी प्रधानाध्यापक, शिक्षक शिक्षिका, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको छनोट गरिएको छ । यसका साथै अध्ययनको वैद्यता र विश्वसनीयता कायम गर्न विभिन्न पक्षहरुसंगको छलफल , अन्तरक्रिया र खुल्ला अन्तर्वार्तालाई अवलोकन र अभिलेखसंग भिडाउने र तिनीहरुबाट प्राप्त जानाकारीहरुलाई पनि एक अर्कासंग त्रिकोणत्मक सम्बन्ध कायम गरी विश्लेषण गरिएको छ ।

प्रस्तुत अध्ययनमा खास गरी महिला प्रधानाध्यापकहरुले आफुलाई कुशल व्यवस्थापकका रुपमा स्थापित गर्न थुप्रै प्रयत्न गरिरहेका भए पनि कुनै न कुनै रुपमा सामाजिक, सांस्कृतिक तत्वहरुले त्यसमा वाधा व्यावधानहरु सिर्जना गरिएको कुरा औल्याइएको छ । महिला प्रतिको लैङ्गिक एकोहोरापना परम्परागत सोच र लैङ्गिग पक्षापातपूर्ण व्यवहारले उनीहरुका कार्यहरुको सही ढङ्गले मूल्याङ्कन भइरहेको छ । पारिवारिक कार्य संरचनाको परम्परागत शैलीले उनीहरुका लागि थप कार्यभार र बोझ् सिर्जना गरिरहेको छ । महिलाहरुप्रतिको परम्परागत सोच र दृष्टिकोणहरुलाई सबै सरोकार समूहहरुले

त्याग्नुपर्ने, उनीहरुको कार्यशैली र व्यवहारलाई आधार बनाई सही मूल्याङ्कन गरेर महिलालाई व्यवस्थापकीय भूमिकामा पुग्न सहयोग पुऱ्याउनु पर्ने र यसका लागि परिवार र समुदायको दृष्टिकोणमा सुधार गर्न नीतिगत, कानूनी र व्यवहारिक विधि अवलम्बन गरी आवश्यक कार्यक्रम कार्यान्वयन गर्नुपर्ने यस  शोधपत्रको सुझाव रहेको छ ।

## विषय सूची


सिफारिस -पत्र I

स्वीकृति -पत्र II

कृतज्ञता III

शोधसार IV

विषय सूची VI

संक्षिप्त शब्दावली सूची VIII

**परिच्छेद एक : परिचय**

१.१ पृष्ठभूमि १

१.२ समस्याको कथन ३

१.३ अध्ययनको औचित्य ३

१.४ अध्ययनको उद्देश्यहरु ४

१.५ शोध प्रश्नहरु ४

१.६ अध्ययनको परिसीमा ५

१.७ सम्वन्धित शव्दावलीहरुको परिभाषा ५

**परिच्छेद दुई : सम्वन्धित साहित्यको पुनरावलोकन र अध्ययनको सैद्धान्तिक खाका**

२.१ सम्वन्धित साहित्यको पुनरावलोकन ६

२.२ अध्ययनको सैद्धान्तिक खाका १४

२.३ शैक्षिक उपादेयता १६

**परिच्छेद तीन : अध्ययन विधि**

३.१ अनुसन्धान ढाँचा १८

३.२ जनसंख्या र नमुना छनौट १९

३.३ साधनहरुको निर्माण १९

३.४ तथ्याङ्क संकलन प्रक्रिया २१

३.५ तथ्याङ्कको व्याख्या तथा विश्लेषण २१

**परिच्छेद चार : तथ्याङ्कको व्याख्या र विश्लेषण**

४.१.महिला र पुरुष प्रधानाध्यापकका व्यवस्थापकीय भूमिकाको विश्लेषण गर्ने २३

४.२.महिला प्रधानाध्यापकको नियुक्तिको उपाय खोजी गर्ने २५

४.३.महिला प्रधानाध्यापकले व्यवस्थापकीय भूमिका निर्वाह गर्दा भोगेका समस्या पहिचान गरी निराकरणका उपाय सुल्झाउने २६

**परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरु**

५.१ प्राप्ति २९

५.२ निष्कर्ष ३१

५.३ सुझावहरु ३३

सन्दर्भग्रन्थ

अनुसूचिहरू

तालिका सूचिहरु

# संक्षिप्त रुप

| | |
|---|---|
| वि.नि. | - विद्यालय निरीक्षक |
| प्र.अ. | - प्रधानाध्यापक |
| म.प्र.अ. | – महिला प्रधानाध्यापक |
| स.प्र.अ. | - सहायक प्रधानाध्यापक |
| एस.एल.सी. | - स्कुल लिभिङ्ग सर्टिफिकेट |
| जि.शि.का. | - जिल्ला शिक्षा कार्यालय |
| क्षे.शि.नि. | - क्षेत्रीय शिक्षा निर्देशनालय |
| मा.वि. | - माध्यमिक विद्यालय |
| प्रा.वि. | - प्राथमिक विद्यालय |
| ता.प्रा.शि. | - तालिम प्राप्त शिक्षक |
| ता.अ.प्रा.शि. | - तालिम अप्राप्त शिक्षक |
| वि.व्य.स. | - विद्यालय व्यवस्थापन समिति |
| शि.अ.सं. | - शिक्षक अभिभावक संघ |
| वि.एड. | - व्याचलर इन एजुकेशन |
| वि.कम. | - व्याचलर अफ कमर्श |
| एम.एड. | - मास्टर्स इन एजुकेशन |